नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक ६२ | २०७९ साल असोज १३ गते बिहीबार (29 Sep 2022 Thursday) | मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : समानुपातिक सूचीले अधिकांश. ३ पृष्ठमा : थप ३८ मा संक्रमण ... ३ पृष्ठमा ब्राढीबाट २३ को मृत्यु, एक लाखभन्दा..

# नेपाल राष्ट्र बैंकको मौद्रिक नीति बिरुद्ध व्यवसायीहरु आन्दोलित




**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**

नेपाल राष्ट्र बैंकको मौद्रिक नीति बिरुद्ध सप्तरी उद्योग बाणिज्य संघको आह्वानमा बुधबार जिल्लाका उद्योगि व्यवसायीहरु आन्दोलनमा उत्रेका छन् ।

नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र चालु पुँजी कर्जा मार्गदर्शन २०७९ को बिरोधमा सप्तरीका व्यवापारीहरु विभिन्न प्लेकार्ड, ब्यानर बोकर आन्दोलनमा उत्रिएका हुन् ।

नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र चालु पुँजी कर्जा, मार्गनिर्देशन २०७९ को बिरोधमा विभिन्न प्ले कार्ड र ब्यानरसहित बजार क्षेत्र परिक्रमा पश्चात् जिल्ला प्रशासन कार्यालयमा पुगेका व्यवसायीहरुले प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा मार्फत नेपाल राष्ट्र बैंक र नेपाल सरकारलाई १५ बुँदे ज्ञापनपत्र समेत बुझाएका छन् ।

नेपाल राष्ट्र बैंकका गर्वनरलाई सम्बोधन गर्दै बुझाइएको ज्ञापनपत्रको बोदार्थ प्रधानमन्त्री र अर्थमन्त्री समेतलाई दिइएको छ ।

ज्ञापनपत्रमा बढ्दो ब्याज दर, अनियन्त्रित तरलता अभाव, चालु पुँजी प्रयोजनको आवधीक कर्जाको सीमा निर्धारण, ब्याज भुक्तानीको समयसीमा थप लगायतका १५ बुँदे माग समेट्दै यसको अविलम्ब समाधान खोज्नु पर्ने माग गरिएको छ ।

सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवालले नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र पुँजी कर्जा मार्गदर्शन २०७९ ले उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय सबै चौपाट हुने अवस्थामा पुग्ने भएकाले त्यस बिरुद्ध आन्दोलन गर्नु परेको बताएका छन् ।

देशको अर्थतन्त्र धान्ने उद्योग

*बाँकी अन्तिम पृष्ठमा*

# मिटर ब्याजी साहको फन्दामा शर्मा परिवार



**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ का ४२ वर्षिय विशेश्वर शर्मा बरही र उनका परिवारजन साहुकार पवनकुमार साहको ऋणको फन्दामा परेका छन् ।

साहुकार साहको चर्को मिटर ब्याजको चंगुलमा फसेका उनी बस्दै आएको घर पनि गुमाउने अवस्थामा पुगेपछि न्यायका लागि सहयोगको याचना गरेका छन् ।

बुबा दुखिलालले साहुकार पवनसँग ८ वर्ष ७ महिनाअघि लिएको १ लाख १५ हजार ऋणको रकम अहिले २० लाख भन्दा बढी पुगेको छ । हुने चलनचल्ती ब्याज दरमा लिएको ऋण मध्ये केही रकम बुझाइसकेको र बाँकी रकम चुक्ता गर्न तयार हुँदा पनि ऋण लिदा गरिएको जग्गापास र कागज फिर्ता नगरि बस्दै आएको एक मात्र घर पनि खाली गर्न दबाब दिँदै आएको विशेश्वरले बताए ।

बुबा बितिसकेको अवस्था उनले लिएको रकमको धेरै ब्याज तिरिसकेको भएपनि अहिले २० लाख ६६ हजार ७ सय ४१ रुँपैया नदिएसम्म कागज फिर्ता नगर्ने पवनले अडान लिदा आफुहरु घर न घाटका भएको बताए ।

उनले यसबारे गाउँमा पटक पटक पंचायती बस्दा पनि पवन निर्णय मान्न तयार नभएको गुनासो पोखे । उनले पंचायतमा भएको सहमति अनुसारको रकम तिर्न तयार भएपनि धितो वापत झुक्याएर मालपोत कार्यालयमा लिखत पास गरिएको जग्गा फिर्ता गर्न पवन नमानेकाले आफूहरु समस्यामा परेको बताए ।

विशेश्वरले सात दिन अघि जिल्ला प्रशासन कार्यालयमा

*बाँकी अन्तिम पृष्ठमा*

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ।।।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

# नेपालीले दशैं मान्ने अवस्था आओस्

हिन्दू धर्मावलम्बीहरुको महान पर्व बडा दशैंको शुभारम्भ भइसकेको छ। राम्रो लगाउने र मीठो खाने आशमा अधिकांश नेपालीहरु दशैंलाई पर्खे पनि महँगीको मारमा परेको स्थितिलाई विर्सन सकिँदैन। गरीबी, रोग-शोक जस्ता विषम परिस्थिति खेपिरहेका नेपालीहरुले दशैं कसरी मान्ने भन्ने प्रश्न पीडादायी छ। कोरोना महामारीको त्रास कायमै रहेको बेला डेंगु जस्तो रोगले समेत ढोका ढकढकाइसकेको छ। यस्तो अवस्थामा सारा नेपालीले दशैं मान्ने अवस्था रहन्छ र ? हामीले खसी ढाली रहेको बेला गरीब निमुखाहरुको थालमा एक सिता भात नपरेको अवस्था हुन्छ होला। हामीले आफन्तसँग शुभकामना साटासाट गरिरहेको बखत विभिन्न रोगको महामारीबीच कसरी दसैंमा रमाउने !

हामीले मान्ने गरेको दशैं हरेक वर्ष आउने गर्दछ। विगत तीन वर्षदेखी सारा नेपालीले यस्तै महामारीका बीच दशैं मनाउन बाधय छन्। सारा नेपालीले आनन्दपूर्वक र हर्षित भएर दशैं मनाउने वातावरण तयार हुन सके मात्र दशैंको शुभकामना साटासाटको अर्थ रहन्छ। शुभकामना साटासाट औपचारिकतामा मात्र सीमित रहन्छ। दुर्गा भवानीले यस्तो सुखद अवस्था हरेक नेपालीको दैलोमा पुऱ्याऊन् भन्ने हाम्रो शुभकामना।

# समानुपातिक सूचीले अधिकांश पार्टीमा किचलो, विद्रोहको धम्कीदेखि पार्टी छोड्ने चेतावनीसम्म

**फणीन्द्र नेपाल**

प्रमुख राजनीतिक पार्टीहरुमा समानुपातिक निर्वाचन प्रणाालीतर्फको बन्दसूचीले चरम असन्तुष्टि पैदा भएको छ। नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र लोसपालगायतका प्रमुख राजनीतिक पार्टीमा समानुपातिकका नाममा शीर्ष नेताका आफन्त र पहुँचवालाले अवसर पाएको भन्दै असन्तुष्टि बढेको हो। यद्यपि यस्तो असन्तुष्टि कतिपय पार्टीमा बाहिरै छताछुल्ल भएको छ भने कतिपय पार्टीमा भित्रभित्रै भुसको आगो जसरी फैलिएको छ।

असन्तुष्ट पक्षले संविधानको मर्म अनुसार समानुपातिक निर्वाचन प्रणालीलाई व्यवहारमा सही ढंगले कार्यान्वयन गर्न नसकेको भन्दै शीर्ष नेतृत्वको चर्को आलोचना गरिरहेका छन्।

देशका सबै वर्ग जातजातिहरूलाई संख्याका आधारमा राज्य संरचनाको सबै तहमा सहभागी हुन पाउने अवसर दिलाउन संविधानमै समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको हो। तर, राजनीतिक दल र तिनका नेतामाथि संविधानको उक्त भावना र मर्मविपरित आफन्त, नातागोता र पहुँचवालालाई समानुपातिकमा अवसर दिएर खास समानुपातिकको अवसर पाउनुपर्नेलाई बञ्चित गराएको आरोप लाग्दै आएको छ। कतिपय दृष्टान्तले पनि विभिन्न राजनीतिक पार्टी र तिनका नेताहरुमाथि लाग्दै आएको यो आरोप सहि सावित हुन पुगेका उदाहरण भेटिन्छन्। नेपालमा समानुपातिकको अवधारणा २०६४ सालको संविधानसभा चुनाव यता प्रयोगमा ल्याइएको हो।

**कांग्रेसमा धम्की, एमालेमा गुम्सियो असन्तुष्टि**

सरकारको नेतृत्व समेत गरेको नेपाली कांग्रेसमा समानुपातिक सूचीप्रति सबैभन्दा बढी असन्तुष्टि देखिएको छ। कांग्रेसको शेखर कोइराला र गगन थापा समुहले समानुपातिक सूचीप्रति आपत्ति जनाउदै सार्वजनिक रुपमै विद्रोहको चेतावनी दिएको छ। विद्रोहबारे शेखर र गगन आफै नबोलेपनि उनीहरु निकटका नेताहरुको छुट्टै बैठक नै बसेर पार्टी कार्यालयमा धर्ना दिनेदेखि चुनाव नै बहिस्कार गर्नेसम्मको धम्की दिइरहेका छन्। शेखर गगन पक्षका गतिविधि नियालिरहेको संस्थापन पक्षले भने उनीहरुका गतिविधि र अभिव्यक्ति पार्टी मुल्य र मान्यताविपरित रहेको भन्दै कारवाहीको चेतावनी दिएको छ। तर, असन्तुष्ट पक्ष न्यायका लागि कारवाही समेत भोग्न तयार रहेको भन्दै समानुपातिक सूची संशोधन गर्न निरन्तर दवाव दिन थालेपछि पार्टी सभापति शेरबहादुर देउवाले नेताहरुलाई बोलाएर सुची संशोधन गर्न तयार रहेको आश्वसन दिन बाध्य भएका छन्।

'न्यायका निम्ती कारवाही भोग्नुपरे भोग्न तयार छौं', असन्तुष्ट शेखरपक्षका नेता गुरुराज घिमिरे भन्छन्,'तर अन्याय सहँदैनौं।' नेकपा एमालेमा पनि समानुपातिक सूचीप्रति चर्को असन्तुष्टि छ। माओवादी लगायत अन्य पार्टीबाट आएका केहीबाहेक अरुलाई वेवास्ता गरिएको भन्दै असन्तुष्टि फैलिएको नेताहरुको भनाइ छ।

'एमालेभित्र असन्तुष्टि भुसको आगोजसरी फैलिएको छ। तर कोही बाहिर बोल्न सकेको अवस्था छैन', एमालेका एक स्थायी कमिटी सदस्यको भनाइ छ। उनका अनुसार बन्दसूची सार्वजनिक भएपछि केही नेताहरु विद्रोह गर्ने तयारीमा लागेका छन्। एमालेले बुझाएको समानुपातिकतर्फको बन्दसूचीबारे अध्यक्ष केपी शर्मा ओली र केही सिमित नेताबाहेक अरुलाई कुनै जानकारी समेत नदिएको नेताहरुको गुनासो छ। पूर्व माओवादी केन्द्रबाट एमाले प्रवेश गरेका केही नेताहरु त आफुहरुलाई कर्नरमा पारिएको भन्दै समानुपातिक सुची सार्वजनिक भएपछि पार्टीमा बस्ने नबस्ने टुंगो लाग्ने बताउन थालेका छन्।

'पार्टीमा के हुँदैछ भन्ने नै थाहा हुन छोड्यो। यसरी कति दिन पार्टीमा बस्ने भन्ने निर्णय गर्नुपर्ने अवस्था नजिकिँदैछ', एमालेभित्रका एक पुर्व माओवादी नेता भन्छन्, 'भुसको आगो धेरै दिन दबिदैन। आगो फैलँदै गएपछि एक दिन धुवा बाहिरै आउँछ।'

**लोसपा र जसपमा पनि उस्तै**

कांग्रेस र एमालेमा जस्तै मधेसवादी पार्टी लोसपा र जसपामा पनि समानुपातिक सूचीप्रति चर्को असन्तुष्टि छ। फरक यति छ लोसपाभित्रको असन्तुष्टि बाहिरै सार्वजनिक भएको छ भने जसपाभित्रको बाहिर आउन सकेको छैन।

लोसपा अध्यक्ष महन्थ ठाकुरले आफ्नै छोरीलाई समानुपातिकमा राखेपछि सो पार्टीका शीर्ष नेताहरु नै असन्तुष्ट बनेका छन्। शीर्ष नेताको सहमतिबाट बनेको सूचीभन्दा फरक सूची आयोगमा दर्ता गरेको भन्दै वरिष्ठ नेताहरू राजेन्द्र महतो र शरतसिंह भण्डारीले असन्तुष्टि जनाएका हुन्। बन्द सुची आयोगमा बुझाएको तेस्रो दिन बानेश्वरमा बसेको शीर्ष नेताहरूको गोप्य बैठकमा उनीहरूले पार्टी अध्यक्ष महन्थ ठाकुरले फेरबदल गरेको भन्दै आक्रोश पोखेका थिए। अध्यक्ष ठाकुरले प्रतिनिधिसभा र प्रदेशसभामा आफ्ना निकटको नाम मात्र हालेर सुची बुझाएको महतो र भण्डारीको आरोप छ।

अध्यक्ष ठाकुरले आफ्नो छोरी मिनाक्षी ठाकुरको नाम प्रतिनिधिसभा समानुपातिक उम्मेदवारको एक नम्बरमा राखेको थाहा पाएपछि नेताहरु आक्रोशित बनेको लोसपा नेताहरुको भनाइ छ। त्यस्तै प्रदेशको समानुपातिक उम्मेदवारको सूचीमा पनि ठाकुरले आफन्त अजय झाको नाम एक नम्बरमा राखेको तथा दुई नम्बरमा केशव झा हुदै रामकुमार मण्डल, रुपा यादव र अन्जु बैठाको नाम राखेर बुझाएकोमा नेताहरुको आपत्ति रहेको छ। तर लोसपाका नेता लक्ष्मणलाल कर्ण समानुपातिक सूचीप्रति पार्टीमा बाहिर आएजस्तो असन्तुष्टि नरहेको बताउँछन्।

'मलाई त असन्तुष्टि रहेको थाहा छैन। असन्तुष्टि जसले जनायो उसैलाई सोध्नुस्', कर्णको जवाफ छ।

**माओवादीमा पनि असन्तुष्टि**

नेकपा माओवादी केन्द्रमा पनि शीर्ष नेता नै समानुपातिक सुचीमा बसेपछि लक्षित समुदाय तथा वर्गमाथि अन्याय भएको भन्दै केही नेता कार्यकर्ताहरूले असन्तुष्टि जनाएका छन्। नेकपा माओवादीले उपाध्यक्ष तथा पुर्व सभामुख समेत रहेका नेता कृष्णबहादुर महरालाई नै समानुपातिक सुचीमा समावेश गरेको छ। मन्त्री र सभामुख भैसकेको नेता प्रत्यक्षमा चुनाव नलडेर समानुपातिकमा राखिएकोमा कार्यकर्ताले गुनासो गरेपनि उनीहरु बाहिर खुल्न भने चाहँदैनन्।

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

छिन्नमस्ता गाउँपालिका
छिन्नमस्ता, सप्तरी

# थप ३८ मा संक्रमण पुष्टि

काठमाडौं, १२ असोज (रासस)। देशभर पछिल्लो २४ घण्टामा थप ३८ जनामा कोभिड संक्रमण पुष्टि भएको छ। सो अवधिमा दुई हजार आठ सय १८ को नमूना परीक्षण गरिएको थियो। एक हजार दुई सय ८४ ले पिसिआर र एक हजार पाँच सय ३४ को एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

बुधबार ५२ जना संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ८६ हजार पाँच सय ४७ पुगेको छ। संक्रमण मुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हाल सक्रिय संक्रमितको संख्या एक हजार एक सय २२ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १८ पुगेको छ। होम आइसोलेसनमा एक हजार एक सय ७०, संस्थागत आइसोलेसन ५२ र आइसियुमा १२ जना संक्रमित रहेका छन्।

# निर्वाचन आचारसंहिता लागू

काठमाडौं, १२ असोज (रासस)। निर्वाचन आयोगले आगामी मङसिर ४ गते आइतबारका दिन एकै चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि बुधबारदेखि निर्वाचन आचारसंहिता, २०७९ लागू गरेको छ।

आयोगले आचारसंहिता कार्यान्वयनको सम्पूर्ण व्यवस्था मिलाउन तीनवटै तहका सरकार, विभिन्न व्यक्ति, निकाय र अधिकारीलाई निर्देशन दिएको छ। आयोगले नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई आचारसंहिता कार्यान्वयन गर्न/गराउन निर्देशन दिएको हो।

सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आयोगद्वारा जारी आचारसंहिता लागू हुनेछ। निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न आयोगले गत भदौ १३ गते नेपाल राजपत्रमा निर्वाचन आचारसंहिता, २०७९ प्रकाशन गरेको थियो।

## *समानुपातिक सूचीले...*

**समाजवादीमा पनि चर्को असन्तुष्टि**

एमालेबाट फुटेर बनेको नेकपा एकीकृत समाजवादी पार्टीमा पनि समानुपातिक सूचीप्रति चर्को असन्तुष्टि रहेको नेताहरुको अभिव्यक्तिबाटै पुष्टि भएको छ। पार्टी उपाध्यक्ष समेत रहेका नेता मुकुन्द न्यौपानेले केही दिन अघि लेखेको एक स्टाटसबाटै असन्तुष्टि रहेको पुष्टि हुन्छ। 'केपी ओलीका प्रवृत्तिका विरुद्ध विद्रोह गरौ भनेर बाहिर आउँने अनि पार्टी संचालन कमिटी परिचालन विधि र पद्धतिमा केपी ओली भन्दा निम्नस्तरमा झरेर विधी पद्धतिको उल्लङ्घन गर्ने हो भने त्यस्तोमा कार्यकर्ताले के गर्ने ?', न्यौपानेले असन्तुष्टि जनाउदै अध्यक्ष माधव नेपाललाई संकेत गर्दै प्रश्न गरेका छन्, 'हाम्रो विद्रोह प्रवृत्तिका विरुद्ध थियो कि व्यक्तिगत पद प्राप्तिका लागि लागि थियो ?' नेता न्यौपानेमात्रै होइन, यो पार्टीमा झलनाथ खनालदेखि जगन्नाथ खतिवडासम्मले असन्तुष्टि जनाएका छन्। यही किचलोका कारण नेकपा समाजवादीमा केही नेताहरुले पार्टी अध्यक्ष माधव नेपाललाई पार्टी नै छोड्ने चेतावनी समेत दिएको बुझिएको छ।

**१६ असोजसम्म परिवर्तनको समय**

असोज २ र ३ गते बन्दसूची बुझाएका राजनीतिक दलहरूलाई निर्वाचन आयोगले असोज १६ गतेसम्म नाम संशोधन गर्नसक्ने सुविधा दिएको छ। धेरैजसो राजनीतिक दलहरुले बन्दसूचीमा रहेका नाम गोप्य नै राखेका छन्। नाम सार्वजनिक गर्दा पार्टीमा थप असन्तुष्टि बढ्ने डरले पनि दलहरुले बन्दसूचीका नाम गोप्य राखेका हुन्।

**'समानुपातिकलाई प्रत्यक्षमा कन्भर्ट गरौं'**

राष्ट्रिय सभाका स्वतन्त्र सांसद समेत रहेका खिमलाल देवकोटा समानुपातिक निर्वाचन प्रणाली नेताका खल्तीका मान्छे, व्यापारी, नातागोता र आफन्तका लागि सिमित बनेकाले प्रणाली नै परिवर्तन गर्नुपर्ने बताउँछन्।

'समानुपातिक समावेशी इस्युलाई प्रत्यक्षमै समावेश गर्नुपर्छ भनेर मैले संसदमा पटकपटक बोलेको छु', देवकोटा भन्छन्, 'जो उत्पीडित वर्ग हो र उसले कहिल्यै अवसर पाएको छैन, राज्यबाट पछि पारिएको छ, पछि परेको छ, हेपिएको छ, दबिएको छ, जसको आवाज कसैले सुनेको छैन त्यसलाई हो समानुपातिक समावेशी चाहिने।' जो चुनाव लड्न सक्ने, पैसा खर्चदेखि कार्यकर्ता परिचालन गर्नसक्नेहरु समानुपातिकमा बस्दा अरुलाई अन्याय हुने गरेको देवकोटाको तर्क छ। उनले समानुपातिकलाई प्रत्यक्षमा परिणत गर्न दलित-दलित, महिला महिलाबीच प्रतिस्पर्धा गराएर उनीहरुको सिट सुरक्षित गर्न सकिने बताए। रातोपाटीबाट

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

# विश्व समाचार

## बाढीबाट २३ को मृत्यु, एक लाखभन्दा बढी विस्थापित

अबुजा, १२ असोज (रासस/सिन्ह्वा)। नाइजेरियामा आएको भिषण बाढीमा परेर कम्तीमा पनि २३ जनाको ज्यान गएको बताइएको छ। साथै सो बाढीका कारण अरु कम्तीमा पनि एक लाख १६ हजार जना विस्थापित भएका छन्।

यस वर्षको मनसुनी वर्षाका कारण ती नागरिक विस्थापित हुन पुगेका बताइएको छ। उद्धार अधिकारीले यहाँका नागरिक बाढीबाट धेरै विस्थापित हुन पुगेका र उनीहरुको पुनर्स्थापनाको पहल भइरहेको बताएका छन्।

नाइजेरियाको मध्य प्रान्त बेन्युमा बाढीले बढी मात्रामा क्षति पुगेको जनाएको छ। सो प्रान्तमा मे महिनादेखि नै बढीको प्रकोप सुरु भएको र यसमा परेर ठूलो मात्रामा भौतिक क्षति पुगेको पनि यहाँका अधिकारीले जानकारी दिएका छन्।

यो प्रान्तका प्राकृतिक विपद् व्यवस्थापनसम्बन्धी विभागका प्रमुख इमानययल सिसोरले उक्त प्रान्तमा दशौं हजार जना विस्थापित भएका र उनीहरुको पुनर्स्थापनाको काम निकै नै चुनौतीपूर्ण भएको बताएका छन्।

यहाँका सयौं हेक्टर जमिनमा लगाइएको बाली पनि बाढीले नष्ट गरिदिएकाले यहाँका नागरिकलाई बासका साथै खाद्यान्नको पनि आवश्यकता परेको बताइएको छ।

अधिकारीले बाढीले यहाँका करिब पाँच हजार घर भत्काइदिएकाले दशौं हजार नागरिक अस्थायी शिविरमा बस्दै आएका पनि जनाएका छन्।

## बुर्किना फासोमा आक्रमण एघार सैनिकको मृत्यु, पचास सर्वसाधारण बेपत्ता

उगादुगु, १२ असोज (रासस/सिन्ह्वा)। उत्तरी बुर्किना फासोमा सोमबार भएको एक आक्रमणमा परी कम्तीमा ११ जना सैनिकको मृत्यु भएको बुर्किना फासो सरकारले मङ्गलबार प्रकाशन गरेको एक विज्ञप्तिमा जनाएको छ।

जिबो शहरतर्फ जाँदै गरेको एक आपूर्ति समूहलाई साहेल क्षेत्रको साउम प्रान्तको गास्किन्देको कम्युननजिक आतङ्कवादीले आक्रमण गरेका थिए। एघार सैनिकको मृत्यु भएको छ, २० सैनिकसहित २८ जना घाइते भएका छन् र करिब ५० जना सर्वसाधारण बेपत्ता भएका विज्ञप्तिमा जनाइएको छ।

आक्रमणकारीको खोजी जारी रहेको विज्ञप्तिमा भनिएको छ। बुर्किना फासोमा २०१५ यता सुरक्षा अवस्था बिग्रिएको छ। पश्चिम अफ्रिकी यस राष्ट्रमा भएका आक्रमणमा एघार सय भन्दा बढी मानिसको मृत्यु भएको छ। १९ लाख भन्दा बढी अन्य विस्थापित भएका छन्।

## दक्षिण कोरियामा ३६ हजारभन्दा बढी सङ्क्रमित

सोल, १२ असोज (रासस/सिन्ह्वा)। दक्षिण कोरियामा कोरोना भाइरसबाट थप ३६ हजारभन्दा बढी सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले मङगलबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा थप ३६ हजार एक सय ५९ सङ्क्रमित भएका हुन्। योसँगै दक्षिण कोरियामा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या दुई करोड ४७ लाख नौ हजार सात सय ८९ पुगेको स्वास्थ्य अधिकारीले जनाएका छन्।

दैनिक सङ्क्रमितको सङ्ख्या एक दिनअघिको केही मात्रमा घटेको बताइएको छ। अघिल्लो दिन ३९ हजार चार सय २५ सङ्क्रमित भएका थिए। अघिल्लो हप्ता औसतमा दैनिक सङ्क्रमितको सङ्ख्या २९ हजार पाँच सय ६९ रहेको थियो। अहिले सङ्क्रमित अवस्थामै रहेकामध्ये तीन सय ७५ जना गम्भीर अवस्थामा रहेका छन्। यो सङ्ख्या भने अघिल्लो दिनको भन्दा २६ जनाले कम भएको छ। दक्षिण कोरियामा कोरोनाका कारण पछिल्लो एक दिनमा ४६ जनाको मृत्यु भएको छ। योसँगै कोरियामा कोरानाका कारण कुल मृतकको सङ्ख्या २८ हजार तीन सय १८ पुगेको छ।

विश्वका धेरै देशमा कोरोना भाइरसको महामारी अत्यन्त न्युन भइसक्दासमेत दक्षिण कोरियामा भने फैलिइरहेको छ। महामारी सुरु भएका बेला राम्रोसँग महामारी नियन्त्रण गरेको दक्षिण कोरिया अहिलेसम्म पूर्णरुपमा नियन्त्रण गर्न असफल भएको छ।

## चीनको रेस्टुरेन्टमा आगलागी सत्रको मृत्यु

बेइजिङ, १२ असोज (रासस/एएफपी)। उत्तरपूर्वी चीनको एक रेस्टुरेन्टमा बुधबार आगलागी हुँदा १७ जनाको मृत्यु हुनुका साथै तीन जना घाइते भएको स्थानीय अधिकारीले बताएका छन्। स्थानीय सरकारले वेइवो सामाजिक सञ्जाल प्लेटफर्ममा पोष्ट गरेको एक विज्ञप्तिमा स्थानीय सरकारले चाङचुन सहरको एउटा भोजनालयमा बुधबार दिउँसो १२:४० बजे मा आगलागी भएको जनाएको छ। अग्नीनियन्त्रक घटनास्थलमा पुगेका र दिउँसो ३ बजेसम्म खोजी र उद्धारकार्य पूरा गरेका विज्ञप्तिमा जनाइएको छ। घाइतेलाई उपचारको लागि अस्पताल पठाइएको र घटनाको कारणबारे अनुसन्धान भइरहेको अधिकारीले जनाएका छन्।


# हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण पालिकावासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विद्यानन्द चौधरी**
अध्यक्ष
तथा
छिन्नमस्ता गाउँपालिका परिवार
छिन्नमस्ता, सप्तरी

# माँ वैष्णवी काली मन्दिर समिति सर्वसम्मतले चयन

**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**

राजविराजस्थित माँ बैष्णवी काली मन्दिर सेवा समिति सर्वसम्मतले चयन भएको छ । समितिको अध्यक्ष पदमा अशोक कुमार कर्ण सर्वसम्वतले चयन भएका छन् ।

मन्दिर समितिको बुधबार सम्पन्न पाँचौं साधारणसभाले कर्णको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो ।



नवगठित समितिको उपाध्यक्षमा अनिलकुमार पेडिवाल, महासचिव राधेश्याम रमण, सचिव राजिव कुमार कर्ण र कोषाध्यक्षमा सतिशचन्द्र झा रहेका छन् । यस्तै सदस्यहरुमा सुदर्शन सिंह, सम्पत कोइराला, सुरेखा दास, सोनी विश्वास, विश्वनाथ दास र रन्जित चैधरी चयन भएका छन् ।

तीन वर्ष कार्यकाल रहेको समितिमा १ सय ७२ जना सदस्य रहेका छन् । साधारणसभामा वडा अध्यक्ष अनिल दास, निर्वतमान वडा अध्यक्ष सुदर्शन सिंह, समाजसेवी दुर्गानन्द चौधरी, पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज माझी, फोटो पत्रकार महासंघका प्रदेश सहसचिव परिष कर्ण, प्रेस स्वतन्त्रता सेनानी बैजनाथ झा लगायतले शुभकामना दिएका थिए ।

# चटयाङ लागेर दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, १२ असोज ।**

सुनसरीको देवानगञ्ज गाउँपालिकामा बुधबार चटयाङ लागेर दुईजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा देवानगञ्ज गाउँपालिका-१ का ४५ वर्षीया रीतादेवी यादव र वडा नं २ का उदितचन्द्र यादव रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

भैंसीलाई गोठमा पानी खुवाइरहेका बेलामा चटयाङमा परेर रीतादेवीको मृत्यु भएको छ भने घर नजिकै रहेको खेतमा घाँस काट्ने क्रममा पानीसँगै आएको चटयाङमा परेर उदितचन्द्रको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।


## सूचना । सूचना ।। सूचना ।।।

यस सुविधा सहकारी संस्था लि. राजविराज ५ को वार्षिक साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा संचालन हुने भएकोले यस संस्थाका सम्पूर्ण संस्थापक सदस्य, शेयर सदस्य, साधारण सदस्य लगायतका सम्पूर्ण पदाधिकारीहरुलाई उपस्थितिका लागि सादर अनुरोध छ ।

**तपसील**

मिति : २०७९ कात्तिक ५ गते शनिबार

समय : बिहान ११ बजे

स्थान : जिल्ला समन्वय समिति सप्तरी राजविराजको सभाहल

**पार्बो सरकार**
**अध्यक्ष**
**सुविधा सहकारी संस्था लि., राजविराज ५**


# कांग्रेस केन्द्रीय कार्यालयमा धर्ना

काठमाडौं, १२ असोज (रासस) ।

नेपाली कांग्रेसका नेता डा शेखर कोइराला पक्षधर समूहका नेता कार्यकर्ताले विभिन्न माग राखी पार्टी केन्द्रीय कार्यालयमा धर्ना दिनुभएको छ ।

उहाँहरुले पार्टीको आन्तरिक एकता, समान अवसर र न्यायको माग गर्दै बुधबार दिउँसो एक घण्टा धर्ना दिनुभएको केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले जानकारी दिनुभयो । धर्नामा सो समूहका शीर्ष नेता तथा पदाधिकारीको भने सहभाता थिएन ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा पार्टीका तर्फबाट समानुपातिक बन्दसूची तय गर्दा उचित तवर नभएको नेता कोइराला समूहका नेताको आरोप छ ।

कांग्रेस पार्टी कार्यालयले भने सर्वसम्मतिले समानुपातिक उम्मेदवारको नामावली टुङ्गो लगाइएको स्पष्ट पारेको छ । कांग्रेस केन्द्रीय कार्यालयमा मङ्गलबार आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रवक्ता डा प्रकाशशरण महतले पार्टीको विधानबमोजिम सम्बन्धित निकायबाट सिफारिस भई केन्द्रमा आएका नामउपर केन्द्रीय संसदीय समितिको बैठकले समानुपातिक उम्मेदवारको नामावली टुङ्गो लगाएको बताउनुभएको थियो ।


## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष**
**तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**


### *नेपाल राष्ट्र बैंकको...*

व्यवसाय र व्यपार क्षेत्रमाथी चौतर्फी आक्रमण हुन थालेको भन्दै बैंकले ८ प्रतिशतबाट एकै पटक १६/१७ प्रतिशतसम्म ब्याज लिएको र अर्कोतर्फ नयाँ मौद्रिक नीतिले उद्योगि व्यवसायीलाई थप संकटमा धकेल्ने काम गरेको उनको भनाई छ ।

यस्तै मधेश प्रदेश उद्योग बाणिज्य संघका उपाध्यक्ष अरुण प्रधानले यसअघि प्रवाह गरिएका कर्जामा ग्राहकको माग बमोजिम न्युनतम ब्याजदर कायम गरि निश्चित प्रतिशत पुनः कर्जा निर्धारण गर्न र यस वर्षको ब्याज तिर्ने समय थप गर्नुपर्ने माग गरे ।

अर्थतन्त्रलाई थप संकटमा जान नदिन बैंकले आफ्नो नाफा नोक्सान मात्र नहेरी नीजि क्षेत्रको अस्तित्व जोगाउन अग्रसर हुनु पर्ने तथा विदेशी मुद्रा संचितीमा परेको चाप कम गर्न स्वदेशमै उत्पादन बढाउनका लागि पनि नीजि क्षेत्रलाई सहयोग र सहलियत दिनुपर्ने उनको माग छ ।

चाडपर्वको समयमा बजारमा निकै चहलपहल देखिएपनि उद्योगि व्यवसायीहरुले आ–हाफ्नो पसल, प्रतिष्ठान, उद्योग दुई घण्टाका लागि बन्द गरि प्रदर्शनमा सहभागि भएका थिए ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी थापाले तत्कालै सम्बन्धीत निकायमा पठाई आवश्यक पहल गर्ने विश्वास दिलाएका थिए ।

### *मिटर ब्याजी ...*

निवेदन पनि दिएका छन् । जिल्ला प्रशासन कार्यालयले सोही दिन सक्कलै निवेदनसहित प्रहरी र गाउँपालिकाको न्यायिक समितिलाई पत्राचार गरि उक्त विषयमा आवश्यक पहल गर्न अनुरोध गरेको सुनाउँदै उनले हालसम्म कुनै पहल नभएको बताएका छन् ।


## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्यौंरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np